# बालकृष्ण समका कवितामा जीवनसम्बन्धी चिन्तन

**मुक्तराज उपाध्याय**

सरस्वती बहुमुखी क्याम्पस, त्रिभुवन विश्वविद्यालय

**लेखसार**

जीवन र जगत्को वास्तविकतालाई बुझ्ने प्रयासबाटै पूर्वीय दर्शनको प्रादुर्भाव भएको हो । मूलतः जीवनमा आइपर्ने समस्या र ती समस्याहरूबाट निवृत्त हुने उपायको खोजी गर्दै मानवीय जीवनयात्रालाई सुखमय बनाउने उपक्रममा लाग्नु वैदिक दर्शनहरूको मुख्य लक्ष्य हो । मानिसहरू जीवनलाई आ-आफ्नै अनुकूलता र क्षमताअनुसार अर्थ्याउने र परिभाषित गर्ने गर्दछन् तर पूर्वीय मनीषीहरूले जीवनको वास्तविक रहस्य पत्ता लगाउने र बुझ्ने उमक्रममै आफ्नो सम्पूर्ण जीवन व्यतीत गरेका छन् । पौरस्त्य दर्शनहरूमा संसारलाई दुःखको सागर र सांसारिक जीवलाई त्यही सागररूपी दुःखमा डुबुल्की मार्ने विवश र परवश प्राणी मानिएको छ । अनेक प्रकारका सांसारिक दुःख एवं बन्धनबाट घेरिएको जीवलाई दुःखको निवृत्ति र बन्धनबाट मुक्तिको मार्ग निर्देशन गर्ने काम वैदिक दर्शनहरूले गरेका छन् । यहाँ वैदिक दर्शनकै सापेक्षतामा कवि बालकृष्ण समका कवितामा जीवनसम्बन्धी चिन्तन कसरी प्रस्तुत भएको छ भन्ने कुराको खोजी र विभिन्न साक्ष्यका आधारमा तिनको पुष्टि गर्ने काम गरिएको छ ।

*शब्दकुञ्जी : निवृत्ति, ब्रह्म, विषयभोग, क्षणभङ्गुर, साक्ष्य, चैतन्य ।*

## विषयपरिचय

बालकृष्ण समका कवितामा जीवनसम्बन्धी चिन्तनको खोजी र विश्लेषण गर्नु प्रस्तुत अध्ययनको मुख्य विषय हो । बालकृष्ण सम (१९५९-२०३८) नेपाली कविताको इतिहासमा परिष्कारवादी धाराका उत्कृष्ट बौद्धिक कवि मानिन्छन् । यिनको साहित्यिक यात्रा कविताबाटै प्रारम्भ भई कवितामै टुङ्गिएको छ । समले नेपाली साहित्यमा नाटक, आख्यान, निबन्ध कविताजस्ता विधाहरूमा सफल सृजनशीलता देखाई आफ्नो बहुमुखी प्रतिभाको परिचय दिएका छन् । बालकृष्ण सम साहित्यकार मात्र नभई एक सक्षम रङ्गकर्मी, कुशल अभिनेता तथा वरिष्ठ चित्रकार समेत हुन् । चिन्तन र सृजन दुवै प्रकारको क्षमता भएका समको दार्शनिक चिन्तनयुक्त ग्रन्थका रूपमा *नियमित आकस्मिकता* (२००५) रहेको छ । यिनले दर्शन, संस्कृति, कला र नाटक तथा रङ्गमञ्च आदिबारे आफ्ना गम्भीर एवं मौलिक चिन्तन प्रस्तुत गरेका छन् भने चित्रकला र छाया चित्रकारितामा समेत अमूल्य योगदान दिएका छन् । विधागत प्राप्तिका दृष्टिले नाट्यविधामा बढी चर्चा र सफलता प्राप्त गरे तापनि त्यसको सिद्धिको मूल आधार भने कविता नै बनेर आएको छ । त्यसैले यिनलाई एक चर्चित नाटककार तथा सिद्धहस्त कविका रूपमा लिन सकिन्छ । *बालकृष्ण समका कविता* (२०३८) यिनको हालसम्म प्रकाशित एक मात्र फुटकर कविता सङ्ग्रह हो । यस सङ्ग्रहभित्र लामा छोटा गरी दुईसय एक्काइस फुटकर कविताहरू सङ्ग्रहित रहेका छन् भने *मेरो कविताको आराधन उपासना १ र २* (२०२३) भित्र यिनका प्रारम्भिक चरणका करिब असीवटा कविताहरू प्रकाशित रहेका छन् । उपर्युक्त दुवै कृतिमा प्रकाशित कविताहरूको गहन अध्ययन गरी जम्मा सातवटा कविताहरूलाई मात्र साक्ष्यका रूपमा लिएर पौरस्त्य दर्शनमा निर्दिष्ट जीवनसम्बन्धी चिन्तनका मूल मान्यताको

प्रभावको खोजी र विश्लेषणमा प्रस्तुत अध्ययनलाई केन्द्रित गरिएको छ । 'कविता भावनाको बौद्धिक कोमलता हो' भन्ने आफ्नै मान्यतामा रहेर कविता सिर्जना गर्ने कवि समका कवितामा हार्दिक भावनाको सुकोमल अभिव्यक्तिभन्दा बौद्धिकताको तर्कशील अभिव्यक्ति अधिक पाइन्छ । पूर्वीय वैदिक दर्शनका जगमा निर्मित समको वैचारिक मान्यता कविताका माध्यमबाट कसरी व्यक्त भएको छ ? पूर्वीय वेदान्त दर्शनभित्रको जीवनसम्बन्धी चिन्तनको कसीमा बालकृष्ण समका कविता केकस्ता रहेका छन् भन्ने कुरा अनुसन्धेय विषय हो । त्यसैले प्रस्तुत आलेख जीवनसम्बन्धी चिन्तनका कोणबाट बालकृष्ण समका कविताको अध्ययन विश्लेषणमा केन्द्रित रहेको छ ।

## अध्ययनको उद्देश्य

कविले यस जीवन र जगत्मा देखेभोगेका, अनुभव गरेका वा चिन्तन मनन गरेका कुराहरूलाई सौन्दर्यपूर्ण र लयात्मक ढङ्गमा प्रस्तुत गर्दा त्यो कविता बन्दछ । त्यसैले कविता जीवन र जगत्कै अभिव्यक्ति हो । कविले कविताकै माध्यमबाट आफ्ना विचार धारणा वा दृष्टिकोणहरू पाठक समक्ष पुऱ्याएको हुन्छ । कवि बालकृष्ण समले पनि आफ्ना बौद्धिक विचार वा दृष्टिकोणहरू पाठकसम्म पुऱ्याउने सजिलो माध्यम कवितालाई नै बनाएका छन् । यिनका कविताको जग पूर्वीय दर्शनमा अडेको छ,तर यिनलाई भौतिकवादी दर्शनका व्याख्याताका रूपमा चिन्ने गरिन्छ । त्यसैले पूर्वीय दर्शनका जीवनसम्बन्धी चिन्तनको प्रभाव यिनका कविताहरूमा केकसरी परेको छ ? भन्ने कुरा केलाउनु प्रस्तुत अध्ययनको मुख्य उद्देश्य रहेको छ ।

## अध्यनन विधि

प्रस्तुत अध्ययनलाई सम्पन्न गर्नका लागि मुख्य रूपमा प्राथमिक स्रोत सामग्री र आवश्यकताअनुसार द्वितीयक स्रोत सामग्रीको समेत उपयोग गरिएको छ । प्राथमिक सामग्रीहरूका स्रोतका रूपमा बालकृष्ण समका प्रकाशित फुटकर कविताहरू *मेरो कविताको आराधन उपासना १ र २* (२०५४) र *बालकृष्ण समका कविता* (२०३८)लाई उपयोग गरिएको छ भने द्वितीयक स्रोतका रूपमा बालकृष्ण समका कवितामा पाइने दार्शनिक पक्षका बारेमा लेखिएका पुस्तक, पत्रपत्रिका, लेख, समालोचना, शोधपत्र आदिलाई लिइएको छ । उपर्युक्त सामग्रीहरूको सङ्कलनका लागि मूलतः पुस्तकालयीय अध्ययन विधिको उपयोग गरिएको छ । पूर्वीय वेदान्त दर्शनको जीवनसम्बन्धी चिन्तनको प्रभाव पहिल्याउन वेद, उपनिषद् तथा षड्दर्शनहरूले अघि सारेका मुख्य मान्यताहरूलाई विश्लेषणको आधार बनाइएको छ ।

## समका कवितामा जीवनसम्बन्धी चिन्तन

जीवले धारण गरेको अस्तित्व र त्यसको विस्तार काल वा कुनै पनि जीवको जन्म र मृत्युका बीचको अवधि नै जीवन हो । जीवन प्रकृति र पुरुष अर्थात् पदार्थ र चेतनाको संयोग हो । प्रकृतिले सृष्टिका पदार्थ, स्थूल र शरीरधारी अवयवहरूको प्रतिनिधित्व गर्छ भने पुरुषले चेतना र तिनलाई चलाउने नियमको प्रतिनिधित्व गर्छ (ढकाल, २०७६, पृ. १६) । पदार्थ जड हो भने आत्मा चेतन, यी दुबै ब्रह्मकै अभिन्न अङ्ग भएकाले ब्रह्मजस्तै अजन्मा अनादि र अनन्त मानिन्छन् (गीता, १३, २०) यिनै प्रकृति र पुरुष जीवन र जगत्का कारकतत्त्व हुन् । जीवन जीवको भोगाइका सापेक्षतामा सुखदुःखात्मक मानिन्छ । वैदिक दर्शनहरूले संसारलाई दुःखको सागर र सांसारिक जीवलाई त्यही सागरमा डुबुल्कि मार्दै जन्म-मृत्युको चक्रमा घुमिरहने विवश प्राणी मान्दछन् ।

सांसारिक दृष्टिकोणले हेर्दा धन, सम्पत्ति, गाडी, बंगला, नोकरचाकर आदि सुखका भौतिक साधनहरू मानिन्छन् र जससँग यी साधनहरू छन् त्यसलाई सुखी भन्ने गरिन्छ । त्यसैगरी जसलाई बिहान-बेलुकाको छाक टार्न पनि धौ-धौ छ, जसले अर्काको ज्यालामजदुरी गरेर वा मागेर आफ्नो जीवन गुजारा गर्नुपर्छ त्यसलाई दुःखीको संज्ञा दिइन्छ । कवि बालकृष्ण सम भने उपर्युक्त दुई किसिमका वर्गमध्ये पहिलो वर्गमा पर्दछन् । अर्थात् सबै कुराले पुगिसरी भएका एक अभिजात्य र कुलीन परिवारमा जन्मेहुर्केका समले आफ्नो जीवनलाई जेजसरी भोगेका भए पनि उनबाट सिर्जित कवितामा जीवनलाई हेर्ने दृष्टिकोण भने वैदिक दर्शनहरूले अघि सारेको चिन्तनसँग मेल खाने देखिन्छ ।

अत्यन्तै विलासितापूर्ण जीवनशैली बिताउने राणा परिवारमा जन्मेहुर्केका समले जीवनमा प्राप्त गर्न सकिने भौतिक सुखलाई नजिकबाट देख्ने र अनुभव गर्ने अवसर प्राप्त गरेका थिए । तर उनको अन्तर्तहमा भने एक प्रकारको अभाव र दुःखको कालो बादल मडारिएको अनुभूति बाल्यावस्थाबाटै गर्न थालेका थिए ।

> *मलाई त्यसबेला खान लाउनलाई चाहिनेभन्दा बढी सुख थियो ;नौनीमा मोट्यार लागिसकेका थियो, मलमल र मखमलले मात्र नबिझाउने छाला बनिसकेको थियो, तर मनुष्यको बालकलाई त्यतिले मात्र पुग्दो रहेनछ, स्नेहमय आलिङ्गनको उसलाई आवश्यक पर्दो रहेछ, अनि ऊ चुम्बनको भोक अनुभव गर्दो रहेछ (सम, २०५४, पृ.७) ।*

भौतिक वस्तुको सङ्ग्रह र तिनबाट प्राप्त हुने सुख मात्रै जीवन होइन, मानवीय प्रेम पनि जीवनको सार हो र त्यति नै मात्र पनि जीवन होइन, त्यसैले समलाई जीवनको वास्तविकता सजिलै जान्न वा बुझ्न नसकिने रहस्यमय लाग्दछ । यस कुरालाई 'प्रार्थना' शीर्षकको कवितामा उनी यसरी व्यक्त गर्दछन् :

> जानी नसक्नु छ जीवन रहस्य नै
> मृत्युपछि जब लास जल्दछ ... (सम, २०३८, पृ. १२) ।

अनावश्यक कुरा गरेर अर्काको जीवनसँग खेलबाड गर्ने मानवीय प्रवृत्तिप्रति कटाक्ष गर्दै आधारहीन, कपोलकल्पित कुराहरूको पछि नलाग्न र अपकार गरेर मानव मस्तिष्कलाई विषाक्त नबनाउन आग्रह गरिएको प्रस्तुत कवितामा कवि जीवनलाई बुझ्न नसकिने रहस्यमय ठान्दछन् । त्यसैगरी कवि बालकृष्ण समको साहित्य यात्राको प्रथम प्रहरमा लेखिएको पहिलो कवितामै बाल मस्तिष्कले बुझेको मानवीय जीवनको यथार्थतालाई सम यसरी प्रकट गर्दछन् :

> प्राणी सबै भोग महाँ भुलिन्छन् ।
> मर्न्या वषत्मा त ति राम भज्छन् ।।
> सुष्षै भयो जब् सुष भोग्न थाल्छन् ।
> दुष्षै भयो तब् हरि भज्न थाल्छन् ।।
> राम्रो विषेता सब मोह पर्छन् ।
> बुद्धी त चाहिन्न ति बुद्धिमान्छन् ।। (सम, २०५४, पृ. १२)

प्रस्तुत कविता वि.सं.१९६८ सालमा करिब आठ वर्षको उमेरमा लेखिएको हो । यहाँ कवि मानवीय प्राणीको विषयभोगमा लिप्त रहने प्रवृत्तिप्रति सजग गराउँदै कुनै पनि वस्तुको भौतिक स्वरूपप्रति मोहित भएर त्यसैमा लठ्ठिनुभन्दा सुख वा दुःख जेजस्तो अवस्था भए पनि हरिभक्ति गर्नमै जीवनको सार्थकता देख्दछन् । कवि बालकृष्ण समको आभ्यासिक कवि मानसिकताले सांसारिक भोगविलासलाई छोडी हरिभक्ति गर्नाले जीवन सुखमय हुने कुराको बोध गरेको भाव उक्त कवितांशमा व्यक्त भएको छ । वैदिक दर्शनहरूले पनि प्राणीहरूलाई दुःखमा नआत्तिई भगवद्‌भक्तिद्वारा ज्ञानप्राप्त गरी मोक्षको अवस्थासम्म पुगेर जीवनलाई सुखमय बनाउन निर्देशन दिएका छन् ।

शक्तिसम्पन्न राष्ट्रहरूले कमजोर राष्ट्रमाथि गरेको अन्याय र अत्याचारलाई मुसो र बिरालोको प्रतीकात्मक प्रसङ्गबाट प्रष्ट्याउने क्रममा कवि समले वेद, उपनिषद् र गीताका अनेक सन्दर्भहरू दिई कुनै प्राणीको बलिदान अर्को प्राणीका निम्ति जीवनदान हुनसक्ने वास्तविकतालाई ‘मूलतत्त्व’ शीर्षकको कवितामा यसरी व्यक्त गर्दछन् :

एक जीवनमा एउटा जियो, अर्को त्यसकै निम्ति मर्‍यो,
एकले जुन वायुमा सास फाल्यो अर्कोले सास फेर्‍यो !
मुसाको त्यो अन्तिम चित्कार मनुष्य समाज यदि मान्दो हो
किन पारस्परिक प्रेमसंघ नगरी शक्ति उपासक बन्दो हो (सम, २०३८, पृ. ५५)

एउटा जीव अर्को जीवका निमित्त जीवनदायक बन्न सक्ने तथ्यलाई ‘जीवो जीवस्य जीवनम्’ भनेर गवोपनिषद्‌मा उल्लेख गरिएको पाइन्छ । उक्त भनाइसँग तादात्म्यसम्बन्ध राख्ने उपर्युक्त कवितांशमा कवि समले ठूलाले सानामाथि गर्ने अत्याचार र शक्तिको दुरुपयोगलाई औँल्याउँदै थिचोमिचो, शोषण, अन्याय र अत्याचारको अन्त्य र सुन्दर एवं समृद्ध मानवीय जीवनका लागि पारस्परिक प्रेमको आवश्यकतातर्फ सङ्केत गरेका छन् ।

‘मेरो सर्वश्व’ शीर्षकको कवितामा कवि समले मृत्युलाई नै जीवनको सर्वश्व र अन्तिम सत्य स्वीकार्दै मान्छेको जीवनयात्रा कुनै पनि क्षण अन्त हुन सक्ने, प्रतिपद अस्थिर, अनिश्चित एवं फोक्सोबाट प्रवाहित श्वास पनि पुनः फर्कने हो कि होइन भन्ने कुरामा शङ्का व्यक्त गर्दछन् । सम जीवनलाई पानीका फोका जस्तै कुनै पनि बेला फुटेर बिलाउन सक्ने ठान्दछन् । उनी भन्दछन् :

सम्भव छ एउटा खाडलमा परेर आजै यात्राको अन्त हुनु,
प्रतिपद अस्थिर छ, प्रतिपल अनिश्चित,
प्रतिश्वासलाई सशंक, बिदा दिनुपर्छ –
फेरि फर्कने हो होइन ।

यहाँ जीवनको क्षणभङ्गुरतालाई कवि समले सुन्दर ढङ्गमा प्रस्तुत गरेका छन् । यथार्थमा जीवन क्षणिक छ र त्यो जतिसुकै सुरक्षा व्यवस्थाबाट व्यवस्थित बनाउन खोजे पनि ती सबै सुरक्षाका पर्खालहरू भत्काएर मृत्यु जीवनको द्वार ढकढकाउन आइपुग्छ त्यसैले मृत्यु नै जीवनको अन्तिम सत्य हो भन्ने कुरालाई कवि यसरी स्वीकार्दछन् :

त्यही जीवन योग्य छ जुन मृत्युको अनुकूल चल्छ,

मृत्युको प्रतिकूल चल्ने जीवन रागमा अल्भन्छ ।
मृत्यु वेद हो, मृत्यु स्मृति हो, मृत्यु पुण्य हो, नूतन हो ।
मृत्यु अविच्छिन्न महासमाधि हो, मृत्यु अचेतन ज्ञान हो ।
ईश्वर नै हो होइन भन्ने शङ्काको दृढ समाधान त
गुरु मृत्युले नै गर्लान् !
असत्यमय जीवनमा केवल मृत्यु सत्य हो .......। (सम, २०३८, पृ. १०७)

जीवनको क्षणभङ्गुरता र मृत्युको सत्यताका सम्बन्धमा स्वामी आनन्द अरुण भन्दछन् :

*मृत्यु सारा सुरक्षा व्यवस्था नाघेर आइपुग्छ । संसारमा मृत्यु नभए धर्म पनि हुने थिएन । त्यसकारण हिन्दूहरू मृत्युका देवता यमराजलाई धर्मराज पनि भन्दछन् । मृत्युको यथार्थताले नै मानिसलाई धार्मिक बनाउँछ । बुद्धलाई पनि मृत्यु देखेर नै जीवनको क्षणभङ्गुरताको बोध भयो र महलको सुरक्षित जीवन त्याग्ने साहस र चेतना आयो । बुद्धलगायत अनेकौँ गुरुले आफ्ना शिष्यलाई मशानघाटमा बस्न पठाउँथे ता कि मृत्युको साक्षात्कार र जीवनको क्षणभङ्गुरताको बोधले सम्यक् वैराग्य उदय होस् (अरुण, २००६, पृ. ५९)।*

उपर्युक्त साक्ष्यहरू *गीता*को (जातस्य हि ध्रुवो मृत्यु : ध्रुवं जन्म मृतस्य च (२/२७) जन्मने सबै अवश्य मर्छन् र मर्ने सबै अवश्य जन्मन्छन्, को भावनासँग सामञ्जस्य राख्दछन् । यथार्थमा यो दृश्यमान जगत् पनि जन्मेको थियो । त्यसैले यसको पनि मृत्यु अवश्य हुनेछ तर यो जुन शाश्वत् सत्यको रूपान्तरणबाट जन्मेको हो त्यो सत्य मर्दैन । यस भौतिक जगत्मा देखिने सबै जीवन र मरणहरू त्यही शाश्वत् सत्यको निरन्तर चलिरहने रूपान्तरण प्रक्रिया मात्र हो । शरीरधारी सबै जीवहरू कहिल्यै नरोकिने बन्ने र विघटन हुने प्रक्रियामा सामेल भइरहेका हुन्छन् ।

जीवनको क्षणभङ्गुरतालाई 'कर्म' शीर्षकको कवितामा कवि यसरी प्रस्तुत गर्दछन् :

यस्तै घाम छायाको बीचमा
बतासको बत्ती जस्तै
लकपकाउँदै मधुर हुँदै उकसदै छटपटाउँदै
जीवन खर्च हुँदै जान्छ,
अनि एक दिन सिद्धिन्छ (सम, २०३८, पृ. १२२) ।

कहिल्यै नरोकिने अविच्छिन्न गतिमा प्रवाहित नदीको प्रवाहजस्तै जीवन र मरणको गति पनि निरन्तर चलिरहने प्रक्रिया हो । जीवनको क्षणिकतालाई कविले घाम–छायाँ र हावाहुरी बीचको बत्तीजस्तै ठानेका छन् जुन कुनै पनि बेला निभ्न सक्छ । यसरी यस जगत्का सबै भूत जीवन र मरणको चक्रमा प्रवाहशील छन् । सामान्य आँखाले हेर्दा क्षणिक रूपमा ती स्थायी र स्थिरजस्ता देखिए पनि यथार्थमा ती सबै अस्थायी र अस्थिर नै हुन् जुन रूपान्तरणको प्रक्रियामा रहेका हुन्छन् । आज नभए भोलि ती अवश्य रूपान्तरित हुन्छन्; स्थायी र सत्य त ब्रह्ममात्र हो । यसरी वेदान्त दर्शनको ब्रह्मसत्यम् जगन्मिथ्या को भाव उपर्युक्त कवितामा अभिव्यञ्जित भएको छ ।

कवि सम आफू साठी वर्षको उमेरमा पुग्दा सिर्जना गरिएको 'निर्जरत्व' शीर्षकको कवितामा वार्धक्य बोझले आफ्नो शरीरलाई जतिसुकै गलाउन र निहुर्‍याउन खोजे पनि शरीरमा किंञ्चित् प्राण रहेसम्म कहिल्यै नझुक्ने र जीवनलाई कर्मयोगी एवं संघर्षमय बनाउँने प्रण गर्दै बुढ्यौलीलाई यसरी चुनौति दिन्छन् :

अझै जीवनको निम्ति तँसँग
छिनछिनमा संघर्षण गर्नेछु,
तेरो हातमा जीवनको थोपो
शतांश पाए पनि खोस्नेछु (सम, २०३८, पृ. २७४) !

वैदिक दर्शनका अनुसार यस जगत्का सम्पूर्ण पदार्थहरू हरेक क्षण, हरपल कर्म गरिरेको अवस्थामा हुन्छन्, तसर्थ मानव जीवनको सार्थकता पनि कर्म गर्नुमै रहेको छ। कर्म वा संघर्षविनाको जीवन गतिहीन हुन्छ। कर्म नगर्ने मानवीय जीवन जीवितै रहे पनि मृतवत् मानिन्छ त्यसैले आफ्नो जीवनलाई उन्नत र विकसित बनाउनका निम्ति पनि कर्म गर्नै पर्छ। (कुर्वन्नेवेह कर्माणि जिजीविषेच्छतं समाः (*यजुर्वेद,*४०/२) यजुर्वेदले पनि कामगर्दै सय वर्षसम्म बाँच्ने इच्छा राख्न मानव समुदायलाई सल्लाह सुझाएको छ। वैदिक दर्शनको यही वैचारिक चिन्तनको प्रभाव समको उपर्युक्त कवितांशमा पनि देख्न सकिन्छ।

सम चौसठ्ठी वर्ष पूरा गरी पैँसठ्ठी वर्ष प्रवेशको अवसरमा लेखिएको 'नमस्कार नमस्कार संसार' कवितामा पनि कवि समले जीवनसम्बन्धी आफ्ना केही मान्यताहरू अघि सारेका छन् । जीवनयात्राको अन्तिम प्रहरमा यात्राशील सम समयले आफूलाई पकाउँदै लगेर अब खस्न मात्र बाँकी रहेको आशय व्यक्त गर्दै सांसाकि संसर्गबाट प्राप्त माया, ममताजस्ता बन्धनहरूका कारणले चौसठ्ठी बसन्त स्वप्नजस्तै क्षणिक हुन पुगेको कुरा स्वीकार गर्दछन् । त्यसैगरी यस बन्धनयुक्त जीवनका सांसारिक मोहपाशबाट मुक्त हुँदै निर्लिप्त मोक्ष मार्गमा लागेको वा मृत्योर्मुखी हुँदै गरेको कुरालाई सम यसरी प्रस्तुत गर्दछन् :

यस जीवनमा पो म देख्छु सर्वत्र बन्धन
बाधा जतासुकै जाल छल झेल जताततै
तर्साउनेहरू आफैँ तर्सून् तर्साउँदै रहून्,
गाडेर सुनको खम्बा बाँधी फनफनी त्यहीँ
आफ्नो कम्मर आफैँले जीवनी निचरी रहून्,
निर्लिप्त मोक्षंता देख्छु मृत्युमै म त केबल (सम,२०३८, पृ. ३३१) ।

त्यसैगरी जीवन र मृत्युको भेद भनेको चैतन्य (आत्मा) मात्रै हो भन्ने वैदिक दर्शनको मान्यतालाई उपर्युक्त कवितामै सम यसरी समर्थन गर्दछन् :

छैन जीवित आफैँमा कुनै जीवन केवल
जीव चैतन्य मात्रै हो भेद जीवन मृत्युमा ।

छैन सुन्दर आफैँमा कुनै सौन्दर्य केवल
सौन्दर्य चेतना मात्रै छ सुन्दर यथार्थमा
जब चैतन्य देखिन्छ प्रत्येक परमाणुमा
मृत्युको स्थानमा मुक्ति भेटिन्छ तब ज्ञानमा ।

वैदिक दर्शनका अनुसार प्रकृति पुरुषको संयोगबाट नै यो भौतिक जगत्, जीव , वनस्पतिदेखि लिएर समस्त ब्रह्माण्ड चलायमान बन्दछ । यिनमा प्रकृति शरीर अर्थात् तनले युक्त भएको मानिन्छ भने पुरुष (अर्थात् चेतना) त्यो शरीरलाई शासित गर्ने आधारभूत नियमहरूले युक्त भएको मानिन्छ । यी दुवै अनादि, अनन्त र अजन्मा मानिन्छन् । कुनै पनि पदार्थमा चेतनाको संयोग भएपछि मात्रै त्यसले जीवन प्राप्त गर्ने भएको हुँदा चेतना नै जीवन हो । चेतनाकै कारण जीवन र मृत्युमा भेद छुट्टिन सक्छ । हाम्रो शरीरबाट चेतना अलग हुनेबित्तिकै शरीर जड बन्दछ, जसलाई मानिसहरू मृत्यु भएको ठान्दछन् । त्यसैले जीवन भनेकै चेतना हो, यो बिना कुनै पनि पदार्थमा सौन्दर्यको सिर्जना हुन सक्तैन भन्ने वैदिक मान्यतालाई कवि समले पनि उपर्युक्त कवितांशका माध्यमबाट आत्मसात् गरेको देखिन्छ ।

जीवन भन्नाले जीवले प्राप्त गरेको जन्मदेखि मृत्युका बीचको कालखण्ड हो जुन सापेक्ष रूपमा सुखदुःखात्मक प्रकृतिको हुन्छ । बालकृष्ण समले पनि आफ्ना कविताहरूका माध्यमबाट जीवनलाई सापेक्ष रूपमै हेर्ने काम गरेका छन् । समका विचारमा जीवन कतै रहस्यमय लाग्दछ भने कतै सुखदुःखात्मक र सङ्घर्षमय लाग्दछ । जीवन जेजस्तो भए तापनि त्यसलाई अझै सुन्दर र समृद्ध बनाउनका निम्ति मानवीय प्रेम अपरिहार्य रहेको निष्कर्ष उपर्युक्त साक्ष्यमा रहेका कविताहरूको अनुशीलनबाट निकाल्न सकिन्छ ।

## निष्कर्ष

बालकृष्ण समद्वारा सिर्जित फुटकर कविताहरूमा पौरस्त्य वैदिक दर्शनले प्रतिपादन गरेका जीवन र जगत्सम्बन्धी चिन्तनको प्रभाव प्रशस्त मात्रामा भेटाउन सकिन्छ । जीवनजगत्का रहस्यमय विषयहरूमा चिन्तन मनन गरी तिनको गहिराइसम्म पुगेर रहस्यहरूको उद्घाटन गर्ने काम पौरस्त्य दर्शनहरूले गरेका छन् । मूलतः ऋक्वैदिक कालदेखि नै यस सम्बन्धमा अनेक तर्क-वितर्क र खोजअनुसन्धान हुँदै आएका हुन् । यो दृश्यमान जगत्को कारण के हो, यसको नियामक तत्त्व को हो, जीवन के हो र यसको लक्ष्य के हो भन्नेजस्ता जिज्ञासाहरूको भरपर्दो र प्रामाणिक उत्तर खोज्ने प्रयास विभिन्न कालखण्डमा विभिन्न ऋषि महर्षिहरूले गर्दै आए फलस्वरूप अनेक प्रकारका दर्शनहरूको प्रादुर्भाव भयो । संसारलाई दुःखको सागर देख्ने पौरस्त्य दर्शनहरूले सांसारिक जीवलाई त्यही दुःखरूपी सागरमा डुबुल्की मार्ने विवश प्राणी मान्दछन् । बालकृष्ण समका कवितामा पनि जीवनलाई हेर्ने अवधारणामा पौरस्त्य चिन्तनको व्यापक मात्रामा प्रभाव पर्न गएको छ । करिब आठ वर्षको उमेरदेखि नै कविताको उपासनामा लागेका कवि समका कविता आध्यात्मकेन्द्रित मानवतावादी वैचारिक चिन्तनबाट ओतप्रोत रहेका छन् ।

करिब सत्तरी वर्षको कविता साधनाका क्रममा तीनसयजति फुटकर कविताको सिर्जना गरेका कवि समका कवितामा कतै पदार्थवादी चिन्तनका प्रयासहरू भए तापनि मूलतः अध्यात्मकेन्द्री चिन्तन बढीमात्रामा देखिन्छ । मानवीय जीवनमा भौतिक सुख प्राप्तिका निम्ति गरिने साधना र तिनबाट उत्पन्न असन्तुष्टिको समाधान अध्यात्मचिन्तनमै देख्ने

कवि समका युवावस्थाका कवितामा केही वैचारिक विचलन देखिए तापनि उमेरले तीनबिस पार गरिसकेपछि भने आत्मचिन्तनतर्फ नै बढी ढल्किएका छन्

यसरी कवि सम जतिजति जीवनको उत्तरार्द्धतिरको यात्रामा यात्राशील रहन्छन् त्यतित्यति नै भौतिकताबाट अध्यात्मतिरको यात्रा अझै गम्भीर बन्दै गएको देख्न सकिन्छ । यस आधारमा कवि सम वैदिक दर्शनबाट निर्दिष्ट जीवनको सुखदुःख, ज्ञानविज्ञान, आत्मापरमात्मा, एकमात्र सत्य र शाश्वत् ब्रह्मपद प्राप्तिको मार्ग एवं बन्धन र मोक्षजस्ता जीवनलाई हेर्ने दृष्टिकोणलाई आत्मासात् गर्दै त्यस चिन्तनबाट पूर्ण रूपमा प्रेरित र प्रभावित भएको कुरा प्रष्ट हुन आउँछ ।

## सन्दर्भ सामग्रीसूची


अधिकारी, रविलाल. (सम्पा.) (२०५५) *गोविन्द भट्टका समालोचना.* पोखरा : बगर फाउन्डेशन नेपाल ।

अरुण, आनन्द. (सन् २०१२) *सन्त दर्शन.* (छैटौँ संस्क.) काठमाडौँ : ओसो तपोवन ।

आचार्य, तुलसी. (टीका) (२०७३) *मनुस्मृति.* वाराणसी : श्री दुर्गा साहित्य भण्डार ।

ईशादि नौ उपनिषद्. (२०६०) *ईशादि नौ उपनिषद्.* गोरखपुर : गीताप्रेस ।

गिरी, रामानन्द. (२०५५) *जनक दर्शन.* (अनु : रामहरि तिमल्सिना) भक्तपुर : जनकशिक्षा सामग्री केन्द्र ।

गौतम, प्रशन्नचन्द्र (सम्पा) (२०७४) *ऋग्वेद संहिता.* (दोस्रो संस्क), काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

ढकाल, प्रमोद. (२०७६) *पूर्वीय दर्शनको पुनर्व्याख्या.* काठमाडौँ : विगफ्यामिलि भेन्चचर्स ।

मिश्रा, अन्नपूर्ण (टीका). (सन् २०१९) *श्रीमद्भागवत् गीता.* दिल्ली : परिमल पब्लिकेशन्स ।

शर्मा, 'ऋषि' उमाशंकर. (सन् २००८) *सर्वदर्शनसंग्रह.* वाराणसी : चौखम्बा विद्याभवन ।

शर्मा, ताना . (२०२९) *सम र समका कृति.* ललितपुर : साझा प्रकाशन ।

सम, बालकृष्ण. (२००५) *नियमित आकस्मिकता.* काठमाडौँ : साझा प्रकाशन ।

........... (२०११) *आगो र पानी.* काठमाडौँ : साझा प्रकाशन ।

............(२०३८) *बालकृष्ण समका कविता.* काठमाडौँ : साझा प्रकाशन ।

.......... (२०५४) *मेरो कविताको आराधन.* ललितपुर : साझा प्रकाशन ।